# बजार अनुगमन कार्यविधि, २०७७

विभागीय मन्त्रीस्तरबाट स्वीकृत मितिः

उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ६४ ले दिएको अधिकार प्रयोग गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "बजार अनुगमन कार्यविधि, २०७७" रहेको छ।

(२) यो कार्यविधि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले उपभोक्ता संरक्षण ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "टोली प्रमुख" भन्नाले बजार अनुगमन टोलीको प्रमुख सम्झनु पर्छ।

(ग) "नियमावली" भन्नाले उपभोक्ता संरक्षण नियमावली, २०७६ सम्झनु पर्छ।

(घ) "निरीक्षण अधिकृत" भन्नाले ऐनको दफा ३२ र नियम २२ बमोजिम विभागले नियुक्त वा तोकेको निरीक्षण अधिकृत सम्झनु पर्छ ।

(ङ) "बजार अनुगमन टोली" भन्नाले ऐनको दफा २९ र नियमावलीको नियम १९ बमोजिम गठन गरिएको टोली सम्झनु पर्छ।

३. निरीक्षण अधिकृत खटाउनेः ऐनको दफा ३२ बमोजिम विभागबाट नियुक्त वा तोकिएको निरीक्षण अधिकृत बजार अनुगमन वा निरीक्षणको लागि खटिई जानेछ।

४. बजार अनुगमनको पूर्वतयारीः (१) बजार अनुगमन वा निरीक्षणमा जानुपूर्व देहाय बमोजिम पूर्व तयारी गर्नुपर्नेछः-

(क) अनुगमन गर्नुपर्ने विषय, उजूरी वा गुनासाहरुको विवरण साथमा लिने।

(ख) सरोकारवाला निकायसँग आवश्यकता अनुसार सम्पर्क वा समन्वय गर्ने।

(ग) बजार अनुगमन टोलीको नाम नामेसी सहितको विवरण, परीक्षण सूची र स्थलगत अनुगमन निरीक्षण सम्बन्धी मुचुल्का फारामहरु लगायत आवश्यक सामग्री साथमा लिने।

(घ) बजार अनुगमनको सिलसिलामा पालना गर्नुपर्ने आचार संहिताको विषयमा टोली प्रमुख वा निरीक्षण अधिकृतले टोलीका सदस्यलाई जानकारी गराउने।

(ङ) निरीक्षण अधिकृतले नियमावलीको नियम २३ को उपनियम (१) बमोजिमको परिचयपत्र अनिवार्य रुपमा लगाउनु पर्नेछ। साथै अनुगमन टोलीका सदस्यले आफ्नो कार्यालयवाट जारी भएको परिचयपत्र लगाउनु पर्नेछ।

(च) उपभोक्ता अधिकार एवं व्यवसायिक सचेतना सम्वन्धी कुनै सामग्री भए ती सामग्री वितरणका लागि लैजाने।

मा. लेखराज भट्ट
मन्त्री
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय